# पूर्वचेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापन तालिमको लागि अधिकारमा-आधारित र समावेशी दृष्टिकोण

ड्राफ्ट कपी

## सहजकर्ता निर्देशिका

तयारीकर्ताः
शक्ति गुरूङ
GE/RBA परामर्शकर्ता, एसियाली विपद् पूर्वतयारी केन्द्र
२०२२

अनुबादकः
........ ........... .....
राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र नेपाल
२०२२

## प्राक्कथन

नेपालका लागि राष्ट्रिय र स्थानीय तहमा पूर्वचेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापनका लागि अधिकारमा आधारित र समावेशी दृष्टिकोणमा तालिम डिजाइन गर्न सहजकर्ताहरूलाई सहयोग गर्ने उद्देश्यले यो सहजकर्ता निर्देशिका २०२२ तर्जुमा गरिएको हो। यो निर्देशिका एसियाली विपद् पूर्वतयारी केन्द्र (ADPC) द्वारा तयार गरेको पूर्वचेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापन (संशोधित Q4 २०२१) को लागि अधिकारमा आधारित र समावेशी दृष्टिकोण सम्बन्धी क्षेत्रीय तालिम पुस्तिकाको सहयोगी हो।

पूर्वचेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापन तालिमका लागी अधिकारमा आधारित र समावेशी दृष्टिकोणको विषयबस्तु, समावेशी र जलवायु-अनुकूलन विपद् जोखिम न्यूनीकरण मार्फत उत्थानशीलता निर्माण (BRDR) कार्यक्रम अन्तर्गत तयार गरिएको क्षेत्रीय तालिम पुस्तिका २०२१ र Dr. Matthew Scott, Raoul Wallenberg Institute (RWI) को प्राविधिक सुझाव तथा कम्बोडिया, म्यानमार, फिलिपिन्स, पाकिस्तान, नेपाल र श्रीलंकाका देशीय सञ्जालका प्रतिनिधिहरू सम्मिलित एसियाली पूर्वतयारी साझेदारी (एपीपी) को स्थानीयकरणका लागि समावेशी दृष्टिकोणका लागि क्षेत्रीय प्राविधिक कार्य समूह (RTWG-IAL) र एसियाली विपद् पूर्वतयारी केन्द्र (ADPC) का विषयगत विज्ञहरूसँगको सहकार्यमा तयार गरिएको हो। यो निर्देशिका एक जीवन्त दस्तावेज हो जुन समय-समयमा उपयुक्त रूपमा अद्यावधिक गरिने छ।

ड्राफ्ट कपी

# Contents


खण्ड कः तालिम संग्रहको सारसंक्षेप १

क) क्षेत्रीय तालिम पुस्तिका र सहजकर्ता मार्गनिर्देशको परिचय १

ख) प्रशिक्षणका मोड्युलहरू, अन्तरक्रियात्मक सत्रको संरचना र सिकाइ उपलब्धिहरू २

ग) अन्तरक्रियात्मक सत्रहरूको सूची र सत्र सहजकर्ताका लागि नोट ४

घ) अन्तरक्रियात्मक सत्र तालिम फोल्डरः ५

खण्ड खः सहजीकरणका लागि सुझाव र प्रविधिहरू ६

क) साना समूह अभ्यासमा सहजीकरणको लागि सहजकर्ता सुझाव पत्र ६

ख) केहि प्रश्नहरू बेवास्ता गर्ने ६

ग) पृष्ठपोषण प्रदान गर्ने ७

घ) सहभागीहरूबाट पृष्ठपोषण लिने ७

खण्ड ग: पूर्वचेतावनी, स्थानान्तरण, र शिविर व्यवस्थापनका लागि अधिकारमा आधारित र समावेशी दृष्टिकोण सम्बन्धी तालिमको योजना निर्माण ९

क) समयमै तालिमको योजना: ९

ख) अन्तरक्रियात्मक सत्र अघिको तयारी (स्थानीय र राष्ट्रिय स्तरको प्रशिक्षण): ९

ग) तालिम सामग्रीको तयारी र प्रयोग: ९

घ) तालिम मूल्याङ्कन र सहभागी लेखाजोखा: ९

ङ) प्रशिक्षक टोलीको संरचना: ९

च) बन्दोवस्तीका सामग्री सहित आवश्यक तयारीहरूको समीक्षा: १०

अनुसूचीहरू ११

अनुसूची १: चारवटा मोड्युलको सारसंक्षेप र सिकाइ उपलब्धिहरू ११

अनुसूची २: निर्धारित समय सहित तालिम सत्रको पूर्ण सूची १४

अनुसूची ३: पूर्वचेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापनमा अधिकारमा आधारित र समावेशी अवधारणा १५

अनुसुची ४: विपद् जोखिम न्यूनीकरणमा मानव अधिकार र लैङ्गिक समानतालाई एकिकृत गर्ने फ्रेमवर्क (FIRE) १९

अनुसूची ५: वयस्क सिकाइ, प्रशिक्षण, र सहजीकरणका लागि सुझावहरू १९


मस्यौदा प्रति

# खण्ड कः तालिम संग्रहको सारसंक्षेप

## 1) क्षेत्रीय तालिम पुस्तिका र सहजकर्ता मार्गनिर्देशको परिचय

पूर्व चेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापनका लागि अधिकारमा आधारित र समावेशी दृष्टिकोणको मूल अवधारणा, ज्ञान र बुझाइमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (DRRM) अभ्यासकर्ताहरू र पेशाकर्मीहरूलाई परिचय गराउन यो क्षेत्रीय प्रशिक्षण पुस्तिका तर्जुमा गरिएको हो। चारवटा मोड्युलहरू मिलेर बनेको यो पुस्तिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा अधिकारमा आधारित र समावेशी दृष्टिकोणको अवधारणा र पूर्वचेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापनमा यो दृष्टिकोणको प्रयोग सम्बन्धी अवधारणालाई परिचित गराएको छ।

क्षेत्रीय स्तरको तालिम क्रियाकलाप, एसियाली पूर्वतयारी साझेदारी पहल अन्तर्गत समावेशी दृष्टिकोण (RTWG-IAL) बाट स्थानीयकरणमा क्षेत्रीय प्राविधिक कार्य समूह मार्फत पूर्वचेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापनमा अधिकारमा आधारित र समावेशी दृष्टिकोणको चेतना र ज्ञानलाई सबल बनाउन विकसित गरिएको थियो। यस तालिमको स्थानीयकरण गर्ने उद्देश्यले पहिलो नमूना प्रशिक्षण (अनलाइन/भर्चुअल) एसियाली विपद् पूर्वतयारी केन्द्र (ADPC) का साझेदार देशहरूका १९ जना सहभागीहरूलाइ संलग्न गरेर मे र जुन २०२१ को बीचमा शुरु गरेको थियो। नमूना तालिम पछी, ADPC/APP का आठ साझेदार देशहरूका ६८ प्रतिनिधिहरूका लागि पहिले प्रयोग गरिएको ढाँचालाइ अद्यावधिक गरिएका सामग्रीहरूको प्रयोग गरेर डिसेम्बर २०२१ र मार्च २०२२ बीचमा पूर्ण तालिम (अनलाइन/भर्चुअल) सञ्चालन गरिएको थियो। यसमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विद्यमान तालिम पुस्तिकाहरूमा यी परिप्रेक्ष्यहरूलाई एकीकृत गर्ने उद्देश्यले प्रतिकार्यको लागि आपतकालीन तयारीको सन्दर्भमा मानव अधिकार र लैङ्गिक समानता सिद्धान्तहरू कसरी लागू हुन्छन् भन्ने बुझाइको विकास गर्न राष्ट्रिय अभ्यासकर्ताहरूलाई सहयोग गर्ने उद्देश्य राखिएको छ। यस तालिम पुस्तिकाको ६ वटा आयामहरूलाई विचार गरेर अधिकार र समानता सुनिश्चित गर्नको लागि एकीकृत अधिकार र समानता (FIRE)[1] को ढाँचा प्रयोग गरिएको छ। पूर्ण तालिम पुस्तिकाले विशेष गरी राष्ट्रिय र स्थानीय स्तरमा तालिमका माध्यमबाट पूर्वचेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापनमा आपतकालीन प्रतिकार्यको सन्दर्भमा, अधिकार र समानतालाई एकीकृत गर्ने मूल अवधारणाहरूलाई विस्तार गर्ने अपेक्षा गरिएको छ।

नेपालमा अधिकारमा आधारित र समावेशी दृष्टिकोण सुनिश्चित गर्न यस्तो प्राविधिक सीप र ज्ञानको आवश्यकता महसुस गर्दै, प्रशिक्षक प्रशिक्षणका सहभागीहरूले ADPC को APP र BRDR परियोजनाहरूको सहयोगमा यस अवधारणाको विकासलाई राष्ट्रिय र स्थानीय स्तरमा एक-एकवटा तालिम सञ्चालन मार्फत सहयोग गर्ने निर्णय गरे। यसअघि क्षेत्रीय स्तरको तालिममा प्रयोग गरिएका तालिम पुस्तिकाहरूलाई नेपाली भाषामा अनुवाद गरी तालिम सामग्रीलाई नेपालका लागि थप सान्दर्भिक बनाउन देशको राष्ट्रिय तथा स्थानीय परिवेशका उदाहरणहरू, परिदृश्यहरू र घटना कथाहरू समायोजन गरी सान्दर्भिक बनाइएको छ। यस सहजकर्ता मार्गनिर्देशको विकास पनि आपतकालीन प्रतिकार्यमा अधिकार र समानताको मूल अवधारणालाई बृहत बनाउन स्थानीयकरण प्रक्रियाको एक भागको रूपमा गरिएको छ। विषयवस्तु र पद्धतिमा एकरूपता र स्थिरता कायम गर्दै राष्ट्रिय र स्थानीय स्तरका अभ्यासकर्ताहरूलाई यस अवधारणाको विस्तार गर्न क्षेत्रीय प्रशिक्षक प्रशिक्षण पूरा गरेका प्रशिक्षकहरूको लागि यो सहजकर्ताको निर्देशिका उपयोगी छ।

## 2) प्रशिक्षणका मोड्युलहरू, अन्तरक्रियात्मक सत्रको संरचना र सिकाइ उपलब्धिहरू

यस तालिम पुस्तिकामा क्रमशः निम्नानुसार चारवटा अलग-अलग मोड्युलहरू समावेश गरिएको छ;

- मोड्युल १ अधिकारमा आधारित र समावेशी दृष्टिकोणको विषयवस्तुहरू
- मोड्युल २ पूर्वचेतावनी
- मोड्युल ३ स्थानान्तरण र

[1] The dimensions and sub-themes within each dimension are diagrammatically presented in Annex_4.

- मोड्युल ४ शिविर व्यवस्थापन

माथी उल्लेख गरिएका चारवटा मोड्युल अन्तरगत प्रत्येक मोड्युलका लागि २ घण्टा ३० मिनेटको चारवटा अन्तरक्रियात्मक सत्रको डिजाइन गरिएको छ। सिकाइका विभिन्न सिद्धान्तहरूलाई ध्यानमा राखेर प्रभावकारी प्रशिक्षण सञ्चालनमा प्रशिक्षकहरूको सीप बढाउनका लागि क्षेत्रीय प्रशिक्षण (ToT) मा "प्रशिक्षकका लागि प्रशिक्षण" को छुट्टै सत्र डिजाइन गरिएको छ। वयस्क शिक्षाका लागि केही सुझावहरू यस गाइडको अनुसूची ६ मा उल्लेख गरिएको छ, जुन तालिमका उद्देश्यहरूलाई राम्रोसँग मनन गरेर सिकाइका सिद्धान्तहरू र अभ्यासहरूबाट लाभान्वित हुन प्रशिक्षक/सहजकर्ताहरूको लागि उपयोगी हुन्छ।

तालिमका सहभागीहरूलाई अन्य समूहहरू (नगरपालिकाहरू र स्थानीय स्तरको प्रशिक्षणमा स्थानीय मानवीय संस्थाहरू) सँग अनुभवहरू र सिकाइहरू आदानप्रदान गर्ने अवसर प्रदान गर्नका लागि चारवटा अन्तरक्रियात्मक सत्रहरू डिजाइन गरिएको छ। यसका अतिरिक्त, अन्तरक्रियात्मक सत्रहरूले राष्ट्रिय र स्थानीय सरकारहरू सहित नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा काम गर्ने व्यक्तिहरूको विद्यमान अभ्यासहरू र दृष्टिकोणहरू सम्बन्धी अवधारणा सङ्कलन गर्न सन्दर्भ प्रदान गर्दछ। यस सहजकर्ता मार्गनिर्देशलाई पूर्वचेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापन तालिम (नेपाल) को लागि क्षेत्रीय तालिम पाठ्यक्रमको सहयोगीको रूपमा डिजाइन गरिएको छ, जसले राष्ट्रिय र स्थानीय स्तरको दुई दिने तालिम डिजाइन र सञ्चालनको तयारी गर्न प्रशिक्षक/सहजकर्ताहरूलाई सहयोग पुऱ्याउँछ।

तालिम संग्रहमा निम्न कुराहरू समेटिएको छः–

- पूर्वनिर्धारित २ घण्टा ३० मिनेटका चारवटा अन्तरक्रियात्मक सत्रहरू क्रमशः सत्र–१: परिचय; सत्र–२: पूर्वचेतावनी; सत्र–३: स्थानान्तरण; र सत्र–४: शिविर व्यवस्थापन र शिविर भन्दा बाहिरका विस्थापित मानिसहरू।
- बीचमा १० देखि १५ मिनेटको बिश्राम सहित प्रत्येक अन्तरक्रियात्मक सत्रलाई करीब ६० देखि ६५ मिनेटको दुई भागमा विभाजन गरिएको छ।
- पहिलो भागमा मुख्य विषयवस्तुमा सहजकर्ताको प्रस्तुती र त्यसपछि सहजकर्ताबाट दिइएको सान्दर्भिक प्रश्नहरूमा छलफल र अनुभव आदानप्रदान गरिन्छ।
- सहभागीहरूले समूहमा छलफल गरेर पूर्ण सत्रमा प्रस्तुती गर्नको लागि दोस्रो भागमा समूह छलफलका परिदृश्य समावेश गरिएको छ। सत्रको यो भागले ज्ञान र सिकाइलाई व्यावहारिक सन्दर्भमा लागू गर्ने अवसर प्रदान गर्नेछ।
- अन्तरक्रियात्मक सत्रहरूले राष्ट्रिय र स्थानीय सन्दर्भ, विद्यमान अभ्यासहरू र समूह छलफल र प्रस्तुतीकरणहरू मार्फत अधिकारमा आधारित र समावेशी दृष्टिकोणको परिप्रेक्ष्य लागू गर्ने क्षमताको लेखाजोखा गर्नेछ।

प्रत्येक अन्तरक्रियात्मक सत्रका विषयवस्तुहरूका लागि विस्तृत समयतालिका यस निर्देशिकाको अनुसूची २ मा उद्धृत गरिएको छ।

## अपेक्षित सिकाइ उपलब्धीहरू

यस तालिममा सहभागी भएपछि सहभागिहरूले आपतकालीन प्रतिकार्यमा अधिकार र समानताको मूख्य अवधारणा बुझ्न सक्षम हुनेछन् भन्ने लक्ष राखिएको छ। तिनीहरूले काम गर्ने व्यावहारिक सन्दर्भहरूमा अधिकारमा आधारित र समावेशी दृष्टिकोण लागू गर्न सक्षम हुनेछन्, जसले गर्दा विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई फ्रेमवर्क (SFDRR 2015-2030) मा स्पष्ट रूपमा उल्लेख गरिए अनुरूप विपद् जोखिमबाट मानिसहरू र तिनीहरूको सम्पत्तिहरूको सुरक्षामा सुधार हुन्छ।

क्षेत्रीय तालिममा प्रशिक्षक प्रशिक्षण तालिम (ToT) पूरा गरेका सहभागीहरूले राष्ट्रिय र स्थानीय स्तरमा आफूले हासिल गरेको ज्ञानलाई व्यापक स्तरमा फैलाउन यस तालिममा सहजीकरण गर्नेछन् र अन्ततः स्थानीय र राष्ट्रिय स्तरमा यस दृष्टिकोणलाई निरन्तरता दिन योगदान दिनेछन्। यो दुईदिने तालिम पूरा गरेपछि सहभागीहरूले अधिकारमा आधारित र समावेशी दृष्टिकोणका चार तत्वहरूको व्याख्या गर्न र विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनको सन्दर्भमा यो दृष्टिकोण अपनाउन अनुमोदन गरिएका महत्त्वपूर्ण अन्तर्राष्ट्रिय र

क्षेत्रीय नीति दस्तावेजहरू पहिचान गर्न सक्षम हुनेछन्; र स्थानीय देखि राष्ट्रिय स्तरसम्म अवस्थित पूर्वचेतावनी, स्थानान्तरण, र शिविर व्यवस्थापन सम्बन्धी उपायहरूको लेखाजोखा गर्दा यी चार तत्वहरूलाई लागू गर्नेछन्।

यस निर्देशिकाको अनुसूची १ मा प्रत्येक मोड्युलको सारसंक्षेप र सिकाइ उपलब्धिहरू विस्तृत रूपमा संलग्न गरिएको छ।

### 3) अन्तरक्रियात्मक सत्रहरूको सूची र सत्र सहजकर्ताका लागि नोट

तल उल्लेखित सत्रहरू तालिमका मुख्य प्राविधिक सत्रहरू हुन् जुन छुट्टाछुट्टै पनि घण्टौको सत्र वा ठूलो प्रशिक्षणको विषयबस्तुको आयामको रूपमा सञ्चालन गर्न सकिन्छ। प्रत्येक मोड्युलको सिकाइ उपलब्धिहरू, निर्धारित समयको साथ अन्तरक्रियात्मक सत्रहरूको संरचना, र दुई-दिने तालिमका पूर्ण विषयबस्तुहरू (राष्ट्रिय र स्थानीय तहहरू) को विस्तृत विवरण यस दस्तावेजको अनुसूची –१, २, र ३ मा राखिएको छ।

| मोड्युल | अन्तरक्रियात्मक सत्रको नाम |
|---|---|
| मोड्युल १ अधिकारमा आधारित र समावेशी दृष्टिकोणको विषयवस्तुहरू | सत्र १: अधिकारमा आधारित र समावेशी विपद् जोखिम न्यूनीकरणको परिचय |
| मोड्युल २ पूर्वचेतावनी | सत्र २: पूर्वचेतावनीमा अधिकारमा आधारित र समावेशी अवधारणा |
| मोड्युल ३ स्थानान्तरण | सत्र ३: स्थानान्तरणमा अधिकारमा आधारित र समावेशी अवधारणा |
| मोड्युल ४ शिविर व्यवस्थापन र शिविर ब्यवस्थापन बाहिरका विस्थापित मानिसहरू। | सत्र २: शिविर व्यवस्थापनमा अधिकारमा आधारित र समावेशी अवधारणा |
| अतिरिक्त (क्षेत्रीय तालिम) | प्रशिक्षक प्रशिक्षण (क्षेत्रीय प्रशिक्षक प्रशिक्षणमा सत्र) |

सत्र सहजकर्ताहरूलाई नोट:

- समग्र सिकाइ रणनीति, सहभागीहरूको रुचि, विषय केन्द्रित र समय उपलब्धताको आधारमा टोली र तालिम आयोजकसंग मिलेर सहजकर्ताको हैसियतले आफ्नो प्रशिक्षण सत्रहरू डिजाइन गर्न सक्नुहुन्छ।
- निर्देशिकाले तपाईंलाई तालिमको उद्देश्य पूरा गर्नको लागि सत्र सञ्चालनको अवधारणा र विधिमा स्तरीय विषयवस्तु र एकरूपता प्रदान गर्दछ।
- यो फरक क्षमता र चासो भएका प्रशिक्षकहरूद्वारा प्रयोगको लागि डिजाइन गरिएको हो, र अधिकारमा आधारित र लैङ्गिक समानता प्रशिक्षणको विभिन्न स्तरका सहभागीहरूको लागि प्रयोग योग्य छ।
- विभिन्न परिवेश र संस्थाहरूबाट समूह कार्य, अभ्यासहरू, विभिन्न उपकरणहरू जस्तै तयारी गतिविधिका प्रश्नहरू, विभिन्न परिदृश्य/घटना अध्ययनहरूका साथै मेन्टीमिटरहरू आदि चयन गरिएको छ।
- विभिन्न विपद् र आपतकालीन अवस्थाहरूलाई उजागर गरिएको छ र समग्र प्रशिक्षण संग्रह राष्ट्रिय, प्रादेशिक र स्थानीय स्तरका सहभागीहरूको लागि उपयुक्त छ।
- एक प्रशिक्षकको रूपमा तपाईलाई सामूहिक छलफल, अभ्यास, इत्यादिलाई अझ राम्रो बनाउनको लागि आफ्नै स्थानीय र राष्ट्रिय सन्दर्भबाट उदाहरणहरू प्रदान गर्न प्रोत्साहित गरिन्छ। प्रशिक्षण सामग्री

स्वव्याख्यात्मक हुन डिजाइन गरिएको छ। तपाईंलाई मार्गदर्शन गर्न नोटहरू प्रदान गरिएको छ।

यो तालिम प्याकेज दक्ष र अनुभवी सहजकर्ताहरूले र सहभागीहरूलाई अभ्यास, छलफल र चिन्तन मननका लागि स्थान प्रदान गर्न सहभागी समूहले पहिले नै जानेका बुझेका केही जानकारी पाइसकेका खण्डहरूलाई हटाएर सान्दर्भिक घटना अध्ययनहरू र (case studies) अभ्यासहरूलाई थप सामग्रीका रूपमा प्रयोग गर्न सक्छन्। सिकाइ उद्देश्यहरू पूरा नहुन्जेलसम्म स्थानीय अनुकूलन र प्रयोगलाई सधैं प्रोत्साहन दिइन्छ र महत्त्वपूर्ण सन्देशहरू सत्र सञ्चालन गर्नका लागि पठाइन्छ।

**4)** अन्तरक्रियात्मक सत्र तालिम फोल्डरः

यसमा स्वअध्ययन उद्देश्यका लागि, पावर-पइन्ट प्रस्तुतीकरणहरू, सान्दर्भिक सत्र परिचयात्मक प्रश्नहरू र समूह छलफलका लागि सन्दर्भ सामग्रीहरू, पूर्व-रेकर्ड गरिएका प्रवचनहरू, गुगल ड्राइभमार्फत पठाइएका स्रोतहरू, अंग्रेजी र नेपालीका प्रशिक्षण पुस्तिका, क्षेत्रीय प्रशिक्षणको भिडियो रेकर्डिङहरू र पर्याप्त स्रोतहरू समाविष्ट छन्। सन्दर्भ सामग्रीको विस्तृत विवरणको स्रोत लिङ्कहरू प्रशिक्षण पुस्तिकामा उपलब्ध छन्। स्वनिर्देशित अध्ययनका सामग्री तालिम पुस्तिकामा निर्दिष्ट गरिएको छ साथै श्रृंखलाबद्ध रूपमा पूर्व-रेकर्ड गरिएका प्रवचनहरू निम्न लिङ्कमा उपलब्ध छ: **https://prezi.com/view/NN2Qszwp48H5V3XanZrH/** । एक प्रशिक्षकको हैसियतमा, तपाईंले मोड्युलमा विशेष रूपमा निर्दिष्ट गरिएका सामग्रीहरू पढ्ने अपेक्षा गरिन्छ र विस्तृत तालिम पुस्तिकाको सिंहावलोकन अध्याय अन्तर्गत स्रोत खण्डहरूमा पहिचान गरिएका स्रोतहरूबाट थप विस्तृत रूपमा पढ्न प्रोत्साहित गरिन्छ।

ड्राफ्ट कपी

## खण्ड खः सहजीकरणका लागि सुझाव र प्रविधिहरू

यो सरलीकृत गरिएको "सुझाव पत्र" ले सानो समूह अभ्यासका माध्यमबाट छोटो सत्रको सहजीकरणको लागि केही उपयोगी विचारहरू प्रदान गर्दछ। यस तालिमका सहजकर्ताहरूका लागि विशेष निर्देशनहरू विस्तृत तालिम पुस्तिकाको "अन्तरक्रियात्मक सत्रको तयारी" खण्डमा प्रदान गरिएको छ, यहाँको मार्गदर्शन सबै सत्र गतिविधिमा लागू गर्न सकिन्छ।

**1)** साना समूह अभ्यासमा सहजीकरणको लागि सहजकर्ता सुझाव पत्र

सहजकर्ताले के गर्ने.......

सुरुमा

- कार्य स्पष्ट गर्नुहोस्,
- विधिहरू र अपेक्षित परिणामहरू र ढाँचाहरू छलफल गर्नुहोस्,
- उपलब्ध समयको लागि उपयुक्त ठोस र प्राप्त गर्न सकिने उद्देश्यहरू निर्धारण गर्नुहोस्,
- समयको बारेमा समूहलाई सम्झाउनुहोस्

क्रियाकलाप सञ्चालनको क्रममा

- आवश्यक भएका बखत सल्लाह र स्पष्टीकरण दिनुहोस्
- मार्गदर्शन प्रदान गर्दा निष्पक्ष हुनुहोस् (सबै समूहहरूलाई एउटै सल्लाह दिनुहोस्)
- सहभागीहरूलाई प्रोत्साहन दिनुहोस्, "शान्त स्थानहरू" खोज्नुहोस् र उनीहरूलाई उर्जा दिने काम गर्नुहोस्
- यदि समूहको ध्यान अन्यत्रै छ भने समूहलाई कार्यमा केन्द्रित गर्नुहोस्
- सिंहावलोकन गर्नुहोस्
- आवश्यक भएमा पुनतयारी र संक्षेपीकरण गर्नुहोस्
- सहमति हासिल गर्ने तरिकाले विचारहरू प्रदान गर्नुहोस्

अन्त्यमा

- चिन्तन मनन, सामान्यीकरण, र प्रयोगको तीन चरणहरू मार्फत सहभागीहरूलाई नेतृत्व गर्नुहोस्
- निष्कर्ष र मुख्य बुँदाहरू संक्षेपीकरण गर्नुहोस्।

ख) केहि प्रश्नहरू बेवास्ता गर्ने

- अनुत्तरित प्रश्नहरू **-** सधै समूह वा समूहको कुनै सदस्यले जवाफ दिनसक्ने प्रश्नहरू सोध्ने प्रयास गर्नुहोस्।
- बन्द**-**अन्त्य प्रश्नहरू**-** यस्ता प्रश्नहरूले साधारण हो वा होइन जवाफहरू निकाल्छन्। अन्य प्रश्नहरू किन, कहिले, कहाँ, कसरी, के, वा कसको भन्ने पुच्छ्रेप्रश्न नगरेसम्म, "हो" वा "होइन" जवाफले कुनै अर्थ राख्दैन।
- अस्पष्ट, अनिश्चित, वा अर्थहीन प्रश्नहरू**-** कहिलेकाहीँ तपाईंले आफ्नो प्रश्नलाई दोहोर्‍याउन वा तुरुन्तै नबुझेको खण्डमा यसलाई उप-प्रश्नहरूमा विभाजन गर्न आवश्यक पर्दछ। गलत वा भ्रामक जवाफको नेतृत्व गर्नबाट सहभागीहरूलाई जोगाउन माथिका उपायहरू अपनाउनुपर्छ।
- साक्षी**-**बाकस **(Witness-box)** सोधपुछ**-** तपाईंले सहभागीलाई प्रष्ट पार्ने उद्धेश्यले धैरै प्रश्नहरू सोध्नु पर्ने हुन सक्छ, यसबखत तपाईंको आचरण कहिल्यै न्यायालयको जाँच-परीक्षा जस्तो हुनुहुँदैन जहाँ जवाफ दिने व्यक्तिलाई धम्की वा "कठघरामा राखिएको" महसुस होस।

ग) पृष्ठपोषण प्रदान गर्ने

धैरै महत्त्वपूर्ण प्रशिक्षण सीप उपयुक्त र समयमै पृष्ठपोषण दिन सक्ने क्षमता हो। अधिकांश सहभागीहरू सकारात्मक प्रोत्साहन चाहन्छन्। मानिसहरूले राम्रोसँग त्यसबेला सिक्छन् जब उनीहरूले विशेष चीजहरू ठिकसंग गरिरहेका छन् र उनीहरूलाई सुधार गर्न वा परिवर्तन गर्न आवश्यक छ भन्ने बारे रचनात्मक पृष्ठपोषण प्राप्त गर्दछन्। प्रतिक्रिया दिंदा निम्न कुरामा ध्यान दिनुहोस्:

- ✔ निर्णय गर्ने भन्दा मद्दत गर्ने उद्देश्यले पृष्ठपोषण दिनुहोस्
- ✔ विशिष्ट हुनुहोस् र ठोस उदाहरणहरू दिनुहोस् - अनावश्यक र विना सन्दर्भको उदाहरणहरू नदिनुहोस
- ✔ ठिक गरिएका कुराहरूलाइ मान्यता दिदै रचनात्मक आलोचनालाई सन्तुलनमा राख्नुहोस्
- ✔ निरन्तर सकारात्मक सुदृढीकरण र प्रोत्साहन प्रदान गर्नुहोस्
- ✔ सहभागीलाइ मान्यता दिएर उसको शक्तिलाइ सबल बनाउने प्रयास गर्नुहोस्।

सामान्यतया, सहभागीहरूले प्रक्रियाको क्रममा सक्षम र सफल भएको महसुस गर्छन भने, उनिहरू जहिलेपनि सुधार गर्न प्रयास गर्नेछन्। यो सामान्य साथै विशेष सिकाइ सहभागितामा लागू हुन्छ। सहभागी हुन मानिसहरूलाई प्रोत्साहन गर्दा धेरै सत्रहरूमा राम्रो सहभागिता हुनेछ। जब तपाईंले सहभागीहरूको सुधार गर्न सक्ने विशेष कुराहरू औंल्याउन र त्यसो गर्नका लागि विशेष सुझावहरू दिनु पर्दछ, त्यसका लागि सकारात्मक र उत्साहजनक रहनु धेरै महत्त्वपूर्ण छ।

### घ) सहभागीहरूबाट पृष्ठपोषण लिने

तालिम जतिसुकै लामो वा छोटो भएतापनि, सहभागीहरूलाई पृष्ठपोषणका लागि सोध्नु महत्त्वपूर्ण छ। यदि लिखित प्रश्नावली प्रयोग गर्दै हुनुहुन्छ भने, तपाईंले आफ्नो फारम प्रयोग गर्न सक्नुहुन्छ वा क्षेत्रीय प्रशिक्षणको क्रममा गरिएको अभ्यासलाई पछ्याउन सक्नुहुन्छ। यदि तपाइँसँग तालिम स्थलमा Wi-Fi छ र सबैको फोन वा PC मा पहुँच छ भने, यसैगरी surveymonkey.com प्रयोग गरेर गर्न सकिने अनलाइन सर्वेक्षण प्रयोग गर्न समेत उपयुक्त हुन सक्छ।

तालिम र सिकाइका सन्दर्भमा सहभागीहरूको पृष्ठपोषणबाट प्रशिक्षणको मूल्याङ्कन गर्न सकिन्छ। सहभागीहरूबाट पृष्ठपोषण विभिन्न तहमा लिन सकिन्छ जुन दुइ तहका छन्। पहिलो प्रकारको मूल्याङ्कन, सामान्यतया सहभागीहरूले तालिमको बारेमा कस्तो सोच र महसुस गरे मापन गर्ने उद्देश्यले गरिन्छ। यो सोही प्रकारका प्रशिक्षण कार्यक्रमहरूको प्रशिक्षक वा आयोजकको रूपमा, तपाईंको आफ्नै विकासको लागि तत्काल पृष्ठपोषण र जानकारी सङ्कलन गर्न डिजाइन गर्न सकिन्छ। सहभागीहरूले भर्नुपर्ने केही सरल प्रश्नहरू सहितको एउटा साधारण दैनिक पृष्ठपोषण फारम सिर्जना गर्न सकिन्छ, जसको आधारमा प्रशिक्षकले कार्यविधिमा आवश्यक परिमार्जन गर्न सक्नेछ साथै सामग्रीलाई सहभागीहरूको सन्दर्भमा थप सान्दर्भिक बनाउन सक्छ।

दोस्रो प्रकारको मूल्याङ्कनका लागि, सामान्यतया, सहजकर्ताले परीक्षाबाट सहभागीहरूको सिकाइ मापन गर्न चाहन्छ, यो तहको मूल्याङ्कन सामान्यतया यस प्याकेजमा समावेश गरिएको छैन, तर प्रशिक्षकले आवश्यकता अनुसार यो कार्य गर्नेछ। यस मूल्याङ्कनका लागि, तालिम पूर्व र तालिम पश्चात-परीक्षा सञ्चालन गर्ने तालिम मूल्याङ्कनको भागको रूपमा प्रशिक्षक/ सहजकर्ताद्वारा प्रश्नहरूको डिजाइन गर्न सकिन्छ।

## खण्ड ग: पूर्वचेतावनी, स्थानान्तरण, र शिविर व्यवस्थापनका लागि अधिकारमा आधारित र समावेशी दृष्टिकोण सम्बन्धी तालिमको योजना निर्माण

**1) समयमै तालिमको योजना:**

तालिमलाई राम्रोसँग व्यवस्थित गर्न पर्याप्त समय मिलाउनको लागि अग्रिम रूपमा प्रशिक्षण डिजाइन र निमन्त्रणा प्रक्रिया राम्रोसँग सुरु गर्नु अत्यावश्यक छ। हतारमा आयोजना गरिएका कार्यक्रमहरूले अक्सर गुणस्तरमा सम्झौता गराउछ र यसले सिकाइलाई असर गर्छ। सहभागीहरू तालिम हुने दिनमा प्रतिबद्ध हुन सकुन भन्ने कुरा सुनिश्चित गर्न केही हप्ता अघि नै योजना बनाउनुपर्छ, र तालिमका आवश्यकताहरू पूरा गर्ने उपकरण तथा स्थानको उपलब्धता सुरक्षित गर्नुपर्दछ। (मार्गदर्शनको लागि अनुसूची १, २ र ३ हेर्नुहोस्)

**2) अन्तरक्रियात्मक सत्र अघिको तयारी (स्थानीय र राष्ट्रिय स्तरको प्रशिक्षण):**

विस्तृत तालिम पुस्तिकामा आधारित भएर सत्रहरूको लागि पावर-पइन्ट स्लाइडहरू र परिदृश्यहरूको विकास गर्नुपर्दछ। तयार गरिएका स्लाइडहरू र परिदृश्यले सत्र विषयवस्तुमा तोकिएको समयरेखा पालना गर्नुपर्छ। प्रशिक्षणको उद्देश्य पूरा हुने गरी सहभागीहरूको स्तर (नीति निर्माताहरू, अधिकारीहरू, नागरिक समाजका संस्थाहरू) लाई ध्यानमा राखी सत्रको विषयवस्तु र परिदृश्य अपनाउन सकिन्छ।

**3) तालिम सामग्रीको तयारी र प्रयोग:**

सामग्री र कार्यप्रणालिलाई सन्दर्भ र सहभागीहरू अनुसार तयारी र प्रयोग गर्नुपर्दछ। यस उद्देश्यका लागि सामग्रीहरूको सावधानीपूर्वक समीक्षा गर्नुहोस् (घटना अध्ययनहरू, परिदृश्यहरू, अभ्यासहरू आदि)।

- ✔ परिस्थितीजन्य जानकारी र अधिकारमा आधारित र समावेशी पूर्वचेतावनी, स्थानान्तरण, र शिविर व्यवस्थापन कार्यान्वयनको उदाहरणहरू स्थानीय सन्दर्भमा सङ्कलन गर्न सकिन्छ ताकि सहभागीको दैनिक कार्य (अनुमतिसहितको स्थानीय तस्बिरहरू) वर्तमान सवालहरू सधैं उपयोगी हुने कुराको चित्रण गर्ने थप सैद्धान्तिक सुझावहरूलाई अझ राम्रोसँग जोड्न सक्नुहुन्छ।
- ✔ यदि सहभागीहरुसंग सान्दर्भिक छ भने अध्ययन सामग्री अनुवादको लागि योजना बनाउनुहोस् । यसले महत्त्वपूर्ण समय र प्रयास लिन सक्छ।

**4) तालिम मूल्याङ्कन र सहभागी लेखाजोखा:**

तालिम पूर्व/पश्चात-परीक्षाको लागि प्रश्नावलीको विकास गर्ने। सहभागीको ज्ञान र विषयवस्तुको बुझाइको मापन गर्न औपचारिक प्रशिक्षण सत्र सुरु हुनु अघि पूर्व-परीक्षा सञ्चालन गरिनुपर्छ, जसले प्रशिक्षकलाई सत्र सञ्चालनको क्रममा योजना बनाउन विषयवस्तुको गहिराइ प्राप्ताङ्क स्तरले नेतृत्व गर्नेछ। तालिम मूल्याङ्कनको लागि गुगल सर्वेक्षण वा हाते सर्वेक्षण गर्न सकिन्छ, त्यसैले फारमहरू पहिले नै सिर्जना गर्नुपर्छ।

**5) प्रशिक्षक टोलीको संरचना:**

तालिमका प्रशिक्षक टोलीको संरचना र उपलब्धताको खोजी गर्नुहोस् र उपयुक्त भएमा एक वा बढी प्रशिक्षक र विषय विशेषज्ञहरू समावेश गर्नुहोस्। प्रशिक्षण सीप, प्रशिक्षण विषयको ज्ञान, प्रोफाइल (लिंग, संस्कृति, र भाषा) सबै मिलेको मिश्रित टोलीलाई सँगै ल्याउने लक्ष्य राख्नुपर्दछ।

**6) बन्दोवस्तीका सामग्री सहित आवश्यक तयारीहरूको समीक्षा:**

प्रत्येक मोड्युलको योजनामा तपाईंले आफ्नो, सहभागीहरू, र समूहहरूको लागि आवश्यक पर्ने कुनै पनि सामग्रीहरू संक्षेप गर्ने खण्ड हुन्छ। सबै सहयोगी सामग्रीहरू प्रशिक्षण प्याकेज फोल्डरमा पावर-पइन्ट स्लाइडहरू र रेकर्डिङहरूका साथ फेला पर्छन्। तसर्थ, सबै फाइलहरू र बन्दोवस्तीका सामग्री सहित अन्य तयारीहरूको समीक्षा गर्नुहोस्।

# अनुसूचीहरू

## अनुसूची १: चारवटा मोड्युलको सारसंक्षेप र सिकाइ उपलब्धिहरू

"पूर्वचेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापनमा अधिकारमा आधारित र समावेशी अवधारणा"

| मोड्युलको शिर्षक र सिकाइ उपलब्धिहरू | मुख्य सन्देशहरू |
|---|---|
| **मोड्युल १: अधिकारमा आधारित र समावेशी अवधारणा (सत्र १)** | |
| सिकाइ उपलब्धिहरूः<br>यस मोड्युलको सफलतापूर्वक सम्पन्न गरेपछि सहभागीहरू निम्न कुरामा सक्षम हुनेछनः<br>● अधिकारमुखी र समावेशी दृष्टिकोणका मुख्य तत्वहरू र सहायक-तत्वहरू वर्णन गर्न (लेखाजोखा विधि: छलफल)<br>● अधिकारमुखि र समावेशी दृष्टिकोण अपनाउन अनुमोदित महत्वपूर्ण अन्तर्राष्ट्रिय र क्षेत्रीय दस्तावेजहरू पहिचान गर्न (लेखाजोखा विधि: छलफल) | मुख्य सन्देशहरूः<br>● अधिकार र समानतालाई एकीकृत गर्ने ढाँचा (FIRE) का छवटा मुख्य तत्वहरू बुझाइ।<br>● FIRE का छवटा प्रमुख तत्वहरूको अन्तरसम्बन्ध र अन्तरनिर्भरता।<br>● स्पष्ट रूपमा अधिकारमा आधारित दृष्टिकोण अपनाउने विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनसँग सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्डहरू र दिशानिर्देशहरूको विस्तृत समीक्षाद्वारा पहिचान गरिएका प्रत्येक तत्व भित्रका मुख्य उप-तत्वहरूको विस्तृत बुझाइ।<br>● विपद् जोखिम न्यूनीकरणको सन्दर्भमा अधिकारमा आधारित र समावेशी दृष्टिकोणलाई सञ्चालन गर्न प्रभावकारी ढाँचा उपलब्ध गराउने ६ वटा आयामहरू बारे बुझाइ। |
| **मोड्युल २: पूर्वचेतावनी (सत्र २)** | |
| सिकाइ उपलब्धीहरू<br>यस मोड्युलको सफलतापूर्वक सम्पन्न गरे पश्चात, सहभागीहरू निम्न कुराहरुमा सक्षम हुनेछन्<br>1. पूर्वचेतावनीका सन्दर्भमा अधिकारमुखी र समावेशी दृष्टिकोण कसरी लागु गरिएको छ वर्णन गर्न (लेखाजोखा विधि: छलफल)<br>2. सहभागीको आफ्नै देशमा अधिकारमा आधारित र समावेशी दृष्टिकोण लागू गरी पूर्वचेतावनी सम्बन्धी विद्यमान कानून, नीति र अभ्यासको मूल्याङ्कन गर्न, (लेखाजोखा विधि: मौखिक प्रस्तुति र छलफल) | मुख्य सन्देशहरूः<br>● अधिकारमा आधारित र समावेशी पूर्वचेतावनी प्रणालि सम्बन्धी आधारभूत बुझाइ<br>● विपद् जोखिम न्यूनीकरणमा अधिकारमा आधारित र समावेशी दृष्टिकोणलाइ दिगो विकास लक्षहरूले सम्वोधन गरेको छ।<br>● प्रभावकारी पूर्वचेतावनी प्रणालिका चार तत्वहरू: जोखिम सम्बन्धी ज्ञान, अनुगमन र चेतावनी सेवाहरू, प्रसार र सञ्चार, र प्रतिकार्य क्षमता को "शुरूदेखि अन्त" सम्मको बुझाइ।<br>● कोही पनि पछाडि नछोडिएको सुनिश्चित गर्नका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतामा लैङ्गिक, बहुतहगत, बहु-सरोकारवाला दृष्टिकोणको आवश्यकता।<br>● अधिकारमा आधारित र समावेशी दृष्टिकोणमा जोखिम लेखाजोखाका चार तत्वहरूलाई लैङ्गिक दृष्टिकोणबाट सम्बोधन गर्न सकिन्छ।<br>● परम्परागत रूपमा सीमान्तकृत व्यक्तिहरू (महिला, अपांगता भएका ब्यक्तिहरू, आदिवासी जनजाति, अनियमित बसाइँसराइ गरेका मानिसहरू र अनौपचारिक बस्तीहरूमा बस्नेहरू) को एक विशेष समूहको सक्रिय र अर्थपूर्ण सहभागितालाई सफलतापूर्वक सक्षम बनाउने पूर्वचेतावनी पहलहरूको साझेदारी र सिकाइलाई प्रवर्द्धन गरिएको छ। |

| मोड्युल ३: स्थानान्तरण (सत्र ३) | |
|---|---|
| **सिकाइका उपलब्धिहरू**<br>सहभागीहरू यस मोड्युलको सफलतापूर्वक सम्पन्न गरेपछि निम्न कुरामा सक्षम हुनेछन्<br>● स्थानान्तरणको सन्दर्भमा अधिकारमा आधारित र समावेशी दृष्टिकोण कसरी लागू हुन्छ भनेर व्याख्या गर्न (लेखाजोखा विधि: छलफल)<br>● सहभागीको आफ्नै देशको स्थानान्तरण सम्बन्धी विद्यमान कानून, नीति र अभ्यासको लेखाजोखा गर्ने, अधिकारमा आधारित र समावेशी दृष्टिकोण लागू गर्न (लेखाजोखा विधि: मौखिक प्रस्तुति र छलफल) | **मुख्य सन्देशहरूः**<br>● अधिकार र समावेशीकरण सुनिश्चित गर्न आधारभूत अवधारणाको एकीकरण र स्थानान्तरणको समयमा FIRE का तत्वहरूलाई दिनुपर्ने ध्यान सम्बन्धी बुझाइ।<br>● मानिसहरूलाई प्रकोपहरूबाट जोगाउनको लागि स्थानान्तरण एक महत्वपूर्ण उपाय भएकोले, यसलाई प्रभावकारी प्रतिकार्यको लागि विपद् पूर्वतयारीको उपायको रूपमा र पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा "Build Back Better" को रूपमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी सेन्डाइ फ्रेमवर्क (SFDRR 2015-2030) को चौथो प्राथमिकताको अंशको रूपमा सम्बोधन गरिएको छ, र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (DRRM) सम्बन्धी राष्ट्रिय कानुनी र नीतिगत ढाँचामा नियमित रूपमा राष्ट्रिय तहमा प्रमुख रूपमा उठान गरिएको छ।<br>● योजना बनाउँदा, समावेशीताका मुख्य सवालहरू औंल्याउँने र त्यसलाइ विचार पुर्याउने ।<br>● उपयुक्त आश्रयस्थलहरूको पूर्व-पहिचान र सूचनामा पहुँच जस्ता स्थानान्तरण प्रक्रियाहरूमा अधिकार र समानतालाई सहज बनाउनको लागि पूर्वतयारीका उपायहरूको बुझाइ; स्थानान्तरण क्षेत्रहरूमा सुरक्षा र सम्भावित विविध र ठूलो संख्यामा मानिसहरूलाई लाभान्वित गर्न स्थानान्तरणको समयमा सुरक्षा।<br>● व्यक्तिहरूको आवागमन र अावासको स्वतन्त्रताको सम्मान गर्ने दायित्व जस्ता मानव अधिकारको परिप्रेक्ष्यसँग प्रकोपमा जबरजस्ती स्थानान्तरणको सन्दर्भ सम्बन्धी बुझाइ । |

| मोड्युल ४: शिविर व्यवस्थापन र शिविर बाहिर तथा शिविर जस्तै अन्य स्थानहरूमा विस्थापित व्यक्तिहरूको सुरक्षा (सत्र ४) | |
|---|---|
| **सिकाइ उपलब्धीहरू**<br>यस मोड्युलको सफल समापन पश्चात, सहभागीहरू निम्न कुरामा सक्षम हुनेछन्<br>● शिविर र शिविर-जस्तो सेटिङहरूका साथै त्यस्ता सेटिङहरू बाहिर विस्थापित व्यक्तिहरूलाई संरक्षण गर्ने सन्दर्भमा अधिकारमा आधारित र समावेशी दृष्टिकोण कसरी लागू हुन्छ भनेर व्याख्या गर्न, (लेखाजोखा विधि: छलफल)<br>● अधिकारमा आधारित र समावेशी दृष्टिकोण लागू गरेर शिविर र शिविर जस्ता सेटिङहरूका साथै त्यस्ता सेटिङहरू बाहिर विस्थापित व्यक्तिहरूको संरक्षण सम्बन्धी सहभागीहरूको गृह देशमा रहेको विद्यमान कानून, नीति र अभ्यास मूल्याङ्कन गर्न (लेखाजोखा विधि: मौखिक प्रस्तुति र छलफल) | **मुख्य सन्देशहरूः**<br>● शिविर व्यवस्थापन र शिविर बाहिर तथा शिविर जस्तै अन्य स्थानहरूमा अधिकारमा आधारित र समावेशी आधारभुत अवधारणा सम्बन्धी बुझाइ<br>● प्राकृतिक विपद्को अवस्थामा व्यक्तिहरूको सुरक्षामा कार्य सञ्चाल निर्देशिका (IASC परिचालन दिशानिर्देशहरू, SFDRR प्राथमिकताहरू आदि) बारे बुझाइ।<br>● विभिन्न समूहहरूमा विपद्को समयमा जोखिमहरू फरक हुन्छन्। विशेष गरी जोखिममा रहेका प्रभावित जनसङ्ख्याहरू मध्ये जो आफ्नो घर/बसोबासमा बानी परेको ठाउँहरू छोड्न बाध्य छन्, र परिणामस्वरूप आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू बन्छन्।<br>● विपद् पछि मानवअधिकार सरोकारहरूमा नकारात्मक प्रभावहरू उद्देश्यपूर्ण नीतिहरूबाट उत्पन्न हुँदैनन् तर अपर्याप्त योजना, तयारी, अनुपयुक्त नीतिहरू र प्रकोपको प्रतिकार्य गर्ने उपायहरू, वा साधारण बेवास्ताको परिणाम हुन्।<br>● आश्रयस्थल, खानेपानी सरसफाइ र स्वच्छता प्रवर्द्धन, खाना र स्वास्थ्य सेवाको अतिरिक्त, शिविरमा बस्ने मानिसहरूको |

| | |
|---|---|
| | सुरक्षालाई प्राथमिकता साथ ध्यान दिनु पर्छ।<br>● स्फेयरमा निर्देशित गरिए अनुसार सहयोगको न्यूनतम मापदण्डले मानवीय राहतको लागि अधिकारमा आधारित दृष्टिकोण अपनाएको सुनिश्चित गर्दछ। |

ड्राफ्ट कपी

## अनुसूची २: निर्धारित समय सहित तालिम सत्रको पूर्ण सूची

| सत्र १ – परिचय | सत्रको लागि समय |
|---|---|
| सिकाइ उपलब्धिहरूः<br>● अधिकारमुखी र समावेशी दृष्टिकोणका मुख्य तत्वहरू र सहायक-तत्वहरू वर्णन गर्न<br>● अधिकारमुखि र समावेशी दृष्टिकोण अपनाउन अनुमोदित महत्वपूर्ण अन्तर्राष्ट्रिय र क्षेत्रीय दस्तावेजहरू पहिचान गर्न | ● उद्घाटन मन्तव्य (३० मिनेट)<br>● राष्ट्रिय समूहहरूमा तयारी अभ्यास छलफल गर्ने समूह कार्य (३० मिनेट)<br>● बिश्राम (१० मिनेट)<br>● पूर्ण सत्र (plenary) मा प्रस्तुति र छलफल (६० मिनेट – ८ देश = ७-८ मिनेट प्रत्येक)<br>● सहजकर्ताद्वारा अवधारणाको सारांश प्रदान, FIRE को मुख्य विशेषताहरूको समीक्षा, र दोस्रो सत्रको तयारी अभ्यासको चिनारी समय (२० मिनेट)<br>● सत्र समापन, कुनै अन्य विषय (५ मिनेट)<br>जम्मा – २ घण्टा ३० मिनेट |
| **सत्र २ – पूर्वचेतावनी** | **सत्रको लागि समय** |
| सिकाइ उपलब्धिहरूः<br>● पूर्वचेतावनीका सन्दर्भमा अधिकारमुखी र समावेशी दृष्टिकोण कसरी लागु गरिएको छ वर्णन गर्न<br>● सहभागीको आफ्नै देशमा अधिकारमा आधारित र समावेशी दृष्टिकोण लागू गरी पूर्वचेतावनी सम्बन्धी विद्यमान कानून, नीति र अभ्यासको मूल्याङ्कन गर्न, | ● उद्घाटन र प्रवचन: पूर्वचेतावनीमा FIRE (४० मिनेट)<br>● परिदृश्यको प्रस्तुति (५ मिनेट)<br>● बिश्राम (१५ मिनेट)<br>● समूहकार्य (२० मिनेट)<br>● पूर्ण सत्रमा प्रस्तुती (७० मिनेट)<br>जम्मा – २ घण्टा ३० मिनेट |
| **सत्र ३ – स्थानान्तरण** | **सत्रको लागि समय** |
| सिकाइ उपलब्धिहरूः<br>● स्थानान्तरणको सन्दर्भमा अधिकारमा आधारित र समावेशी दृष्टिकोण कसरी लागू हुन्छ भनेर व्याख्या गर्न<br>● सहभागीको आफ्नै देशको स्थानान्तरण सम्बन्धी विद्यमान कानून, नीति र अभ्यासको लेखाजोखा गर्न, अधिकारमा आधारित र समावेशी दृष्टिकोण लागू गर्न | ● उद्घाटन र प्रवचन: स्थानान्तरणमा FIRE (४० मिनेट)<br>● परिदृश्यको प्रस्तुति (५ मिनेट)<br>● बिश्राम (१५ मिनेट)<br>● समुहकार्य (२० मिनेट)<br>● पूर्णसत्र (७० मिनेट)<br>जम्मा – २ घण्टा ३० मिनेट |
| **सत्र ४ – शिविर व्यवस्थापन र शिविर बाहिर तथा शिविर जस्तै अन्य स्थानहरूमा विस्थापित व्यक्तिहरूको सुरक्षा** | **सत्रको लागि समय** |
| सिकाइ उपलब्धिहरूः<br>● शिविर र शिविर-जस्तो सेटिङहरूका साथै त्यस्ता सेटिङहरू बाहिर विस्थापित व्यक्तिहरूलाई संरक्षण गर्ने सन्दर्भमा अधिकारमा आधारित र समावेशी दृष्टिकोण कसरी लागू हुन्छ भनेर व्याख्या गर्न,<br>● अधिकारमा आधारित र समावेशी दृष्टिकोण लागू गरेर शिविर र शिविर जस्ता सेटिङहरूका साथै त्यस्ता सेटिङहरू बाहिर विस्थापित व्यक्तिहरूको संरक्षण सम्बन्धी सहभागीहरूको गृह देशमा रहेको विद्यमान कानून, नीति र अभ्यास मूल्याङ्कन गर्न | ● उद्घाटन र प्रवचन: शिविर व्यवस्थापनमा FIRE (४० मिनेट)<br>● समूहकार्य सत्रका लागि अभ्यास प्रस्तुति (५ मिनेट)<br>● बिश्राम (१५ मिनेट)<br>● समूहकार्य (२० मिनेट)<br>● पुर्ण सत्र Plenary (७० मिनेट)<br><br>जम्मा – २ घण्टा ३० मिनेट |

## अनुसूची ३: पूर्वचेतावनी, स्थानान्तरण र शिविर व्यवस्थापनमा अधिकारमा आधारित र समावेशी अवधारणा दुई दिने तालिमका विषयबस्तुहरू


| समय | सत्र | सत्रयोजना | उद्धेश्य |
|---|---|---|---|
| | पहिलो दिन | | |
| ८:००-९:०० | खाजा तथा सञ्जालीकरण | | अनौपचारिक परिचय<br>सञ्जालीकरण |
| ९:००-१०:०० | स्वागत, उद्धेश्यमाथी प्रकास र परिचय<br>तालिम पूर्वपरीक्षा | स्वागत, उद्धेश्यमाथी प्रकास र परिचय (४५ मिनेट)<br>तालिम पूर्वपरीक्षा (१५ मिनेट) | तालिमको सारसंक्षेप प्रस्तुती<br>औपचारिक उद्घाटन तथा परिचय<br>तालिमका आचारसंहिता<br>सहभागी र सहजकर्ता बीच जानकारी आदानप्रदान<br>आगामी सत्रका लागि तयारी<br>तालिमको विषयवस्तुमा विद्यमान ज्ञानको स्तर अभिलेखीकरण |
| १०:००-१२:०० | सत्र १- परिचय<br>● अधिकारमुखी र समावेशी दृष्टिकोणका मुख्य तत्वहरू र सहायक-तत्वहरूको परिचय<br>● स्थानीय तहको विशिष्ट तालिम सञ्चालनमा अधिकारमुखि र समावेशी दृष्टिकोण एकीकृत गर्ने अवसर | विषयवस्तुको शुभारम्भ प्रवचन (३० मिनेट)<br>अधिकार र समानतालाई एकीकृत गर्ने स्थानीय/राष्ट्रिय स्तरमा प्रशिक्षण मोड्युलहरूको पहिचानमा समूहहरूमा तयारी अभ्यासका लागि छलफल (४० मिनेट)<br>पूर्णसत्रमा प्रस्तुति र छलफल (६० मिनेट-५ नगरपालिका = ७-८ मिनेट प्रत्येक)।<br>अवधारणाको सारांश प्रदान, FIRE को मुख्य विशेषताहरूको समीक्षा, र सत्र २ को लागि तयारी अभ्यासको परिचय (२० मिनेट) | ● विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलताका लागि अधिकारमा आधारित र समावेशी दृष्टिकोणलाई एकीकृत गर्न FIRE का मुख्य तत्वहरू बुझ्न<br>● स्थानीय तहका कार्यक्रम र तालिम पाठ्यक्रममा अधिकारमुखी आधारित र समावेशी दृष्टिकोणको कार्यान्वयनका लागि अभ्यास र अवसरहरू पहिचान गर्ने । |
| १२:३०-१:३० | खाना बिश्राम | | |
| १:३०-४:०० | सत्र २–पूर्वचेतावनी<br>● पूर्वचेतावनीको सन्दर्भमा अधिकारमा आधारित र समावेशी दृष्टिकोण कसरी लागू हुन्छ भन्ने बारे परिचय (FIRE का तत्वहरू)<br>● राष्ट्रिय र स्थानीय तह (नीति, अभ्यास) मा पूर्वचेतावनी सम्बन्धी विद्यमान कानून, नीति र अभ्यासलाई अधिकारमुखी र समावेशी दृष्टिकोणको आधारमा मूल्याङ्कन, | ● उद्घाटन र प्रवचन: पूर्वचेतावनीमा FIRE (४० मिनेट)<br>● परिदृश्यको प्रस्तुति (५ मिनेट)<br>● बिश्राम (१५ मिनेट)<br>● समूहकार्य (२० मिनेट)<br>● पूर्ण सत्रमा प्रस्तुती (७० मिनेट) | ● राष्ट्रिय, प्रादेशिक र स्थानीय सन्दर्भमा अधिकारमा आधारित र समावेशी पूर्वचेतावनी प्रणालि सम्बन्धी आधारभूत बुझाइ<br>● पूर्वचेतावनीका चार तत्वहरू र पूर्वचेतावनीमा FIRE को छवटा मुख्य तत्वहरूको एकीकरण बुझ्न।।<br>● स्थानीय र राष्ट्रिय स्तरमा पूर्वचेतावनीको परिप्रेक्ष्यमा विद्यमान कानून, नीति र अभ्यासहरूको मूल्याङ्कन गर्ने।<br>● राष्ट्रिय र स्थानीय स्तरमा पूर्वचेतावनीको लागि |

| | | | |
|---|---|---|---|
| | | | अधिकारमा आधारित र समावेशी दृष्टिकोणको प्रयोग बुझ्न। |
| ४:३०-४:४५ | पहिलो दिनको मुख्य मुख्य छलफल भएका विषयबस्तुहरू | | • पूरै दिनको सिकाइको सिंहावलोकन |
| ४:४५-५:०० | पहिलो दिनको समापन | | • |
| | दोस्रो दिन | | |
| ८:००-९:०० | खाजा तथा सञ्जाल | | • |
| ९:००-१०:०० | पहिलो दिनको पुनरावलोकन | | • पहिलो दिनको सिकाइको चिन्तन मनन्<br>• द्विविधा भएका विषयमा छलफल |
| १०:००-१२:३० | सत्र ३ स्थानान्तरण<br>• अधिकार-आधारित र समावेशी दृष्टिकोण स्थानान्तरणको सन्दर्भमा कसरी लागू हुन्छ व्याख्या गर्नुहोस् (स्थानान्तरणका विभिन्न चरणहरूलाई मध्यनजर गर्दै)<br>• अधिकारमा-आधारित र समावेशी दृष्टिकोण लागू गर्दै राष्ट्रिय र स्थानीय तहमा स्थानान्तरण सम्बन्धी विद्यमान कानून, नीति र अभ्यासको मूल्याङ्कन गर्नुहोस्, (IASC-कार्यसञ्चालन निर्देशिकाहरू)।<br>• विपद्को आपतकालिन समयमा स्थानान्तरणका विभिन्न सवालहरू र प्यासिफिक टापु देश, दक्षिणपूर्वी एसियाली मुख्य देशको स्थानान्तरण रणनीतिहरू (स्थानीय स्तरमा राष्ट्रिय रणनीतिहरू छलफलमा) | • शुरूवाती प्रवचन: स्थानान्तरणमा FIRE (४० मिनेट)<br>• परिदृश्यको प्रस्तुति (५ मिनेट)<br>• बिश्राम (१५ मिनेट)<br>• राष्ट्रिय र स्थानीय सन्दर्भसँग सान्दर्भिक दिइएको परिदृश्यमा समूह छलफल (२० मिनेट)<br>• पूर्ण बैठकमा प्रस्तुति र छलफल (७० मिनेट) | • विपद् स्थानान्तरण सन्दर्भमा राष्ट्रिय देखि स्थानीय तहसम्मका अधिकारमा आधारित र समावेशी दृष्टिकोणहरू बुझ्न।<br>• स्थानीय र राष्ट्रिय स्तरमा स्थानान्तरणका परिप्रेक्ष्यमा अवस्थित कानून, नीति र अभ्यासहरूको मूल्याङ्कन गर्ने।<br>• राष्ट्रिय देखि स्थानीय तहसम्म स्थानान्तरणका लागि अधिकारमा आधारित र समावेशी दृष्टिकोणको प्रयोग बुझ्न।<br>• राष्ट्रिय तथा स्थानीय स्तरमा अभ्यासहरूको आदान प्रदान गर्दै, विभिन्न देश स्तरमा भएका स्थानान्तरण सम्बन्धी घटना अध्ययनहरूका विभिन्न अभ्यासहरू र सिकाइहरू आदान प्रदान गर्ने।<br>• विपद् र आपतकालिन समयमा स्थानान्तरणका आधारभूत सवालहरू बुझ्न |
| १२:३०-१:३० | खाना | | |
| १:३०-४:०० | सत्र चारः शिविर व्यवस्थापन<br>• शिविर र गैर शिविर सेटिङमा बसेका व्यक्तिहरूको संरक्षणमा | • शुरूवाती प्रवचन: शिविर व्यवस्थापनमा FIRE (४० मिनेट)<br>• परिदृश्यको प्रस्तुति (५ मिनेट) | • शिविर र शिविर बाहिर सेटिङहरूमा लागू हुने FIRE फ्रेमवर्कको अधिकार-आधारित र समावेशी दृष्टिकोणहरू |

| | | | |
|---|---|---|---|
| | अधिकारमा आधारित र समावेशी दृष्टिकोणका बारेमा छलफल तथा व्याख्या गर्ने (राष्ट्रिय देखि स्थानीय तहका नीति, कार्यक्रम र अभ्यासहरू)<br>• राष्ट्रिय र स्थानीय स्तरमा शिविर व्यवस्थापन र बाहिर शिविर सेटिङहरू सम्बन्धी विद्यमान कानून, नीति, र अभ्यासहरू छलफल र मूल्याङ्कन गर्दै, अधिकारमा आधारित र समावेशी दृष्टिकोण लागू गर्ने (आधारभूत अधिकार, मापदण्ड, र दिशानिर्देशहरू)। | • बिश्राम (१५ मिनेट)<br>• समूह छलफल (२० मिनेट, म्यानुअल रूपमा गरिने menti-meter मोडेलमा आधारित)<br>• पूर्ण बैठकमा प्रस्तुति र छलफल (७० मिनेट) | बुझ्न।<br>• स्थानीय र राष्ट्रिय स्तरमा शिविर व्यवस्थापन सम्बन्धी विद्यमान कानून, नीति र अभ्यासहरूलाई तिनीहरूको प्रयोगको परिप्रेक्ष्यबाट मूल्याङ्कन गर्न (राष्ट्रिय र स्थानीय स्तरका अभ्यासहरू)।<br>• मानव-केन्द्रित दृष्टिकोणमा मापदण्ड र दिशानिर्देशहरूको महत्व थप्ने मौलिक अधिकारहरूको बुझाइ । |
| ४:००-४:४५ | दोस्रो दिनको मुख्य मुख्य छलफल भएका विषयबस्तुहरू तालिम पश्चात परीक्षा | • मुख्य विषयबस्तुहरू (३० मिनेट)<br>• तालिम पश्चात परीक्षा (१५ मिनेट) | • पूरै दिनको सिकाइको सिंहावलोकन |
| ४:४५-५:३० | तालिम समापना | | |

ड्राफ्ट कपी

अनुसुची ४: विपद् जोखिम न्यूनीकरणमा मानव अधिकार र लैङ्गिक समानतालाई एकिकृत गर्ने फ्रेमवर्क (FIRE)




**चित्र: विपद् जोखिम न्यूनीकरणमा मानव अधिकार र लैङ्गिक समानता लाई एकिकृत गर्ने फ्रेमवर्क ( FIRE)**

1. जान्नु आवश्यक छ: वयस्कहरूले केहि सिक्नको लागि कारण जान्नु आवश्यक छ। यसले सहजकर्ताहरूका लागि विषयबस्तुको सिकाइ र व्यावहारिक प्रयोगहरूमा प्रकाश पार्न महत्त्वपूर्ण हुन्छ।

2. आधार: अनुभव (त्रुटि सहित) ले सिकाइ गतिविधिहरूको लागि आधार प्रदान गर्दछ। वयस्कहरू धैरै अनुभव लिएर प्रशिक्षणमा आउँछन्। सहभागीमा भएका अनुभवहरूलाई बाहिर निकाल्नु र सहभागीहरूलाई आफ्ना साथीहरूसँग आदान प्रदान गर्न प्रोत्साहित गर्नु सहजकर्ताको काम हो।

3. स्व-अवधारणा: वयस्कहरू शिक्षामा उनिहरूको निर्णयको लागि र योजना र मूल्याङ्कनमा उनीहरूको निर्देशनको संलग्नताका लागि जिम्मेवार हुनुपर्छ । तसर्थ, सिकाइका लागि सहभागीमूलक अभ्यासहरू व्याख्यान भन्दा बढी प्रभावकारी हुन्छन्।

4. तत्परता: वयस्कहरू आफ्नो काम र व्यक्तिगत जीवनमा तत्काल सान्दर्भिक विषयहरू सिक्नमा सबैभन्दा बढी रुचि राख्छन्। घटना अध्ययनहरू, व्यावहारिक अभ्यासहरू, र उनीहरूको आफ्नै संगठनको सन्दर्भहरूले सहभागीहरूलाई सामग्रीको सान्दर्भिकता विचार गर्न मद्दत गर्दछ।

5. अभिमुखीकरण: वयस्क शिक्षा सामग्री-उन्मुख भन्दा समस्या-केन्द्रित हुन्छ। सहभागीहरूलाई काल्पनिक रूपमा कसरी गर्ने भन्नुको सट्टा वास्तविक रूपमा पूरा गर्न चुनौती दिन सके सत्रहरूले राम्रो काम गर्दछ।
6. अभिप्रेरणा: वयस्कहरूले बाह्य उत्प्रेरकहरू भन्दा आन्तरिक रूपमा राम्रो जवाफ दिन्छन्। सत्रहरू सान्दर्भिक र सहभागीमूलक भएमा मिठाई र पुरस्कारहरू आवश्यक पर्दैन।

## ख) अनुभवात्मक दृष्टिकोण र सिकाइ पूर्वाग्रहहरू

हामी सबैले अनुभवबाट सिक्ने विचारमा आधारित तालिम र सिकाइको लागि अर्को उपयोगी दृष्टिकोण छ, यद्यपी अनुभवबाट मात्र होइन। जब हामीले अनुभव गर्छौं त्यसबाट साँचो सिकाइ हुन्छ, त्यसपछि त्यो अनुभवलाई केन्द्रित तरीकाले प्रतिबिम्बित गर्छौं, र त्यो अनुभवको अर्थ के हो भन्ने बारे एउटा विचार वा सिद्धान्त विकास गर्छौं र त्यसपछि नयाँ विचार वा सिद्धान्तको परीक्षण गर्छौं। त्यो प्रक्रियालाई प्रयोगात्मक

[2] Pedagogical: Relating to teaching.

सिकाइ चक्र, वा लेविनको चक्र (Lewin's Cycle) भनिन्छ। एउटा प्रशिक्षकको रूपमा, सहभागीहरूलाई संलग्न गराउन गतिविधिहरू प्रदान गर्न, सहभागीहरूलाई वास्तविक प्रतिबिम्बमा समय दिन र मार्गदर्शन गर्न, अनुभव वा गतिविधिको अर्थ के हो भन्ने बारे सिद्धान्त वा विचारहरू देखाउन वा प्रस्ताव गर्न, र त्यसपछि देखाउन वा अझ राम्रोसँग नयाँ विचारलाई व्यवहारमा लागू गर्ने अवसर प्रदान गर्न, हामीलाई सम्झाउन उपयोगी छ। Kurt Lewin (1890-1947) द्वारा विकसित गरिएको र पछि 1974 मा David Kolb ले लोकप्रिय बनाएका प्रयोगात्मक सिकाइ चक्र सामान्यतया एक साधारण रेखाचित्रद्वारा चित्रण गरिन्छ।

कुनै पनि चरणमा चक्रमा प्रवेश गर्न र यसको तार्किक अनुक्रम मार्फत यसलाई पछ्याउन सम्भव छ। यद्यपि, सिकारुले मोडेलका सबै चार चरणहरू कार्यान्वयन गर्न सकेपछि मात्र प्रभावकारी सिकाइ हुन्छ। तसर्थ, चक्रको कुनै पनि चरण आफैमा सिकाइ प्रक्रियाको रूपमा प्रभावकारी हुँदैन। विचारलाई निम्न चार चरण वा चरणहरूको चक्रको रूपमा देखाइएको छ:

1) ठोस अनुभव - प्रारम्भिक गतिविधिको अनुभव गर्दै र प्रयोगात्मक चक्रको तथ्याङ्क उत्पादन गर्ने भाग।
2) चिन्तनशील अवलोकन - अनुभवको समयमा वा ठीक पछि गरिएको गतिविधिलाई प्रतिबिम्बित गर्ने।
3) सार सामान्यीकरण (वा अवधारणागत) - निष्कर्षहरू निकाल्ने, सिकेका पाठहरू पहिचान गर्ने, र मोडेलको पहिलो दुई चरणहरू द्वारा गरिएको अभिप्रेरणालाइ सामान्यीकरण गर्ने
4) प्रयोगात्मक प्रयोग- मोडेलको पहिलो तीन चरणहरूमा सिकेका कुराहरू समावेश गरी व्यवहारमा लागू गर्ने। रेखाचित्र चक्रीय छ किनकि यो प्रयोगले चक्रलाई खुराक दिन अर्को अनुभव प्रदान गर्दछ अर्थात हामी "बाँच्न र सिक्न" जारी राख्छौं।

## 5) आफ्नो सिकाइ पूर्वाग्रह वा सिकाउने शैली पहिचान गर्ने

अरूलाई सिकाउन मद्दत गर्दा आफूले गर्ने छनौटहरू मार्फत राम्रोसँग सोच्न सकोस् भन्नाका खातिर आफुले व्यक्तिगत रूपमा रुचाएको सिकाइ शैली बुझ्नु पनि उपयोगी छ। तपाईंले वर्षौं लगाएर आफ्नै सिकाउने बानीहरूको विकास गर्नुभएको छ। वयस्कको रूपमा, तपाईंले यी बानीहरू वा शैलीहरूलाइ सजिलो मान्नुहुन्छ र तिनीहरूले तपाईंको लागि राम्रो काम गर्दछ भन्ने महसुस गर्नुहुन्छ। तपाइँ आफ्ना लागि राम्रो काम गर्ने शैलीले अरू सबैको लागि पनि राम्रो काम गर्दछ भन्ने अनुमान गर्न सक्नुहुन्छ, तर यो प्राय: सत्य होइन।

David Kolb को प्रभावशाली पुस्तक Experiential Learning: Experience as the source of learning and development (1984) ले मानिसहरूले विभिन्न सिकाइ शैलीहरूका लागि प्राथमिकताहरू त्यसरी नै विकास गर्छन् जसरी उनीहरूले अन्य कुनै पनि प्रकारको शैली विकास गर्छन् भन्ने सैद्धान्तिक ब्याख्या गरेको छ उदाहरणका लागि, व्यवस्थापन, नेतृत्व, वार्तालाप आदि। चार सिकाइका शैलीहरू तल वर्णन गरिएका छन् (ध्यान दिनुहोस् कि तिनीहरू प्रयोगात्मक सिकाइ चक्रका चार चरणहरूसँग कसरी सम्बन्धित छन्)।




Fig: Four different types of learning styles
Source: https://jennifergghag193culc.wordpress.com/

अभियन्ता **(Activist):** अभियन्ताहरूले (Activists) आफूलाई बलियो प्राथमिकता बिना नै नयाँ परिस्थितिहरूमा पूर्ण रूपमा संलग्न गर्दछन्। उनीहरू नयाँ र तत्कालिन अनुभवहरूबाट आनन्द लिन्छन्। तिनीहरू शंकास्पद नभइ खुला दिमागका हुन्छन्, जसले तिनीहरूलाई कुनै नयाँ प्रयास गर्न उत्साहित बनाउँछ। "म एक पटक जे पनि प्रयास गर्नेछु" भन्ने उनिहरूको दर्शन हुन्छ। उनीहरू पहिले काम गर्छन् र त्यसपछि परिणामहरू विचार गर्छन्।
चिन्तक **(Reflector) :** चिन्तकहरू पछाडि उभिन र अनुभवहरू मनन गर्न र तिनीहरूलाई विभिन्न फरक फरक दृष्टिकोणबाट अवलोकन गर्न मन पराउँछन्। तिनीहरू प्राथमिक र अरूबाट तथ्याङ्क सङ्कलन गर्छन्, र कुनै निष्कर्षमा पुग्नु अघि यसको बारेमा गहिरिएर सोच्न रुचाउँछन्। अन्य मानिसहरूले कार्य गरिरहेको अवलोकन गर्न उनीहरू आनन्द मान्छन्। उनीहरू अरूको कुरा सुन्न रुचाउँने र आफुले बुँदाहरू बनाउनु अघि धाराबाहिक छलफलको बहाव प्राप्त गर्छन्।
सिद्धान्तकार **(Theorist):** सिद्धान्तकारहरूले अवलोकनहरूलाई जटिल तर तार्किक रूपमा स्वस्थ्य सिद्धान्तहरूमा अनुकूलन र एकीकृत गर्छन्। उनीहरू समस्याहरूको बारेमा ठाडो, चरणवद्ध तार्किक रूपमा सोच्छन्। उनीहरूले भिन्न तथ्यहरूलाई सुसंगत सिद्धान्तहरूमा अपनाउने गर्छन्। उनीहरू पूर्णतावादी हुन्छन् जसले कुनै बस्तुहरू व्यवस्थित र तर्कसंगत योजनामा फिट नभएसम्म आराम गर्दैनन्। उनीहरू विश्लेषण र संश्लेषण गर्न मन पराउँछन्।
व्यवहारवादी **(Pragmatist) :** यदि व्यवहारवादीहरू वास्तविक व्यवहारमा काम गर्छन् भने विचारहरू, सिद्धान्तहरू, र अवधारणाहरूसँग प्रयोग गर्न इच्छुक हुन्छन्। उनीहरू सिद्धान्तहरू भन्दा व्यावहारिक "सुझावहरू" मा रुचि राख्छन्। व्यावहारवादीहरू सक्रिय रूपमा नयाँ विचारहरू खोज्छन् र वास्तविक-विश्वमा त्यसको परीक्षण गरी प्रयोग गर्ने पहिलो अवसर लिन्छन्। तिनीहरू मुद्दाहरूमा सोच्न र खुला-बन्दी छलफलहरूमा बेचैन हुन्छन्। तिनीहरू व्यावहारिक ब्यक्तिहरू हुन् जसले निर्णय गर्न र समस्याहरू समाधान गर्न मन पराउँछन्।
आफ्नो सम्भावित सिकाइ पूर्वाग्रह उपर चिन्तन मनन गर्न र प्रशिक्षकको रूपमा विचार गर्न यी शैलीहरू अत्यन्त उपयोगी हुन्छन्।
अन्य प्रत्येक शैलीहरू समान रूपमा मान्य छन् र आफ्नो प्रशिक्षण समूहमा यी सबै प्राथमिकताहरू भएका व्यक्तिहरू समावेश हुन सक्छन् भन्ने पहिचान गर्नु दोस्रो चरण हो। यसको मतलब विशेष गरी जब तपाइँ तपाइँको


समूहमा को को छन वा उनीहरूले कुन सिकाउने शैलीहरू रुचाउँछन् भन्ने थाहा छैन, यी प्रत्येक खालका रुचि वा प्राथमिकताहरूलाई सम्बोधन गर्नु महत्त्वपूर्ण हुन्छ।
तपाईंले सधैं एउटा प्रशिक्षकको रूपमा सहभागीहरूको विविधता र सिकाउने शैलीहरू विचार गर्नुपर्छ। थप प्रभावकारी प्रशिक्षण सत्रहरू डिजाइन गर्न विभिन्न विधिहरूबाट पूर्वचेतावनी, स्थानान्तरण, र शिविर व्यवस्थापन प्रशिक्षण मोड्युलहरूमा अधिकार-आधारित र समावेशी दृष्टिकोणहरू प्रयोग गर्ने प्रयास गर्नुहोस्।
म जे सुन्छु, बिर्सन्छु, म जे देख्छु, सम्झन्छु, म जे गर्छु, बुझ्दछु । Kung Fu Tzu (Confucius)।

पूर्वचेतावनी, स्थानान्तरण, र शिविर व्यवस्थापन प्रशिक्षणमा अधिकारमा आधारित र समावेशी दृष्टिकोणहरू प्रदान गर्ने सहजकर्ताहरूका लागि सुझावहरूः

निम्न सुझावहरूले प्रशिक्षण सञ्चालनको लागि वयस्क सिकाइ सिद्धान्तको व्यावहारिक कार्यान्वयनलाई प्रतिबिम्बित गर्दछ।

## 1) बहु-प्रशिक्षक भूमिका

यस निर्देशिकामा हामी सहजकर्ता वा प्रशिक्षक भनेर उल्लेख गर्छौं, तथापि प्रशिक्षकले तीनवटा भूमिका: सहजकर्ता, प्रशिक्षक, र सिकारूको भूमिका खेल्नुपर्छ र धेरै जसो काम गर्ने सन्दर्भहरूमा मुख्य भूमिका सहजकर्ताको हुन्छ।




प्रशिक्षकको रूपमा, तपाईंले सत्रको विषयवस्तुमा तोकिएको समय पालना गर्नुपर्छ र आवश्यक सन्देशहरुको प्रवाहको क्रियाकलापहरुमा सहजीकरणको लागी पूर्ण समय दिइएको सुनिश्चित गर्नुपर्छ र महत्त्वपूर्ण छलफलको लागि पर्याप्त समय प्रदान गर्नुपर्दछ। पृष्ठभूमि जानकारी प्रस्तुत गर्दा वा सहभागीहरूलाई नयाँ दृष्टिकोणको व्याख्या गर्दा छलफलमा योजनाबद्धभन्दा लामो समयसम्म जान सजिलो हुन्छ र सत्र योजनाहरूमा समावेश गरिएका क्रियाकलाप र अभ्यासहरूको लागि पर्याप्त समय नभए पनि आफैले फेला पार्दछ। यो प्रायः सधैं प्रशिक्षकहरूले गर्ने गल्ती हो त्यसैले सधैं यो ध्यानमा राख्नुपर्छ कि प्रत्येक सत्रको लागि तोकिएको समयलाई सम्मान गर्नुपर्छ, तर कहिलेकाहीँ महत्त्वपूर्ण छलफलको विस्तारका लागि सहभागीको सहमतिमा समयमा लचिलो हुन सक्छ।

## 2) प्रयोग गर्ने र सहभागीको ज्ञानमा ध्यान केन्द्रित गर्ने

सहभागीहरूसँग धेरै ज्ञान र अनुभव रहेको हुन्छ, र तपाईंको प्रशिक्षणको गुणस्तर उनिहरूसंग आदानप्रदानका लागि निम्त्याउन तपाईंको क्षमतामा निर्भर हुनेछ। उदाहरणका लागि, सहभागीहरूलाई कुनै शब्द वा अवधारणाको परिभाषा दिनु अघि उक्त शब्द वा अवधारणाको अर्थ के हो भनेर व्याख्या गर्नु र स्लाइडहरू देखाउनु अघि उक्त विषयका बारेमा विचारहरू सोध्नुहोस्। तपाइँ जहिले पनि अतिरिक्त उदाहरण र अनुभवहरुबाट तुरून्त सहभागीता गर्न सक्नुहुन्छ। जति धेरै सहभागीहरूलाई सहभागीता/अन्तरक्रिया गर्न निम्त्याइन्छ, त्यति नै उनीहरूले सम्झने, सिक्ने र आफूले सिकेका कुराहरूलाई आफ्नो काममा लागू गर्नेछन्।

तपाइँका सहभागीहरूले प्रशिक्षण सामग्री सान्दर्भिक र चाखलाग्दा छन् भन्ने महसुस गर्छन भन्ने कुराको सुनिश्चितता प्रशिक्षकको लागि आधारभूत कुरा हो। धेरै सन्दर्भहरूमा, सहभागीहरूलाई उनीहरूको विचार आदानप्रदान गर्न सुरक्षित र सशक्त महसुस दिलाउन तपाईंको मद्दतको आवश्यक पर्दछ, वा सहभागीहरूको

समूहसंग संलग्न हुने तरिकामा असर गर्ने वास्तविक बाधाहरू के के हुन सक्छन् भन्ने कुरामा कम्तिमा सचेत रहनुपर्दछ। त्यहाँ वास्तविक अवरोधहरू हुन सक्छन्। उदाहरणका लागि, यदि समूहमा एउटै संस्थाका जुनियर र वरिष्ठ सदस्यहरू छन् भने, जुनियर सदस्यहरूले बोल्न वा माथिल्लो व्यक्तिहरूले गरेको बयानलाई चुनौती दिन हिचकिचाउन सक्छन्। यसलाई साना समूहहरू सिर्जना गरेर सम्बोधन गर्न सकिन्छ, जहाँ वरिष्ठ कर्मचारीहरू एउटा छलफल समूहमा छन् र कनिष्ठ कर्मचारीहरू अर्कोमा छन् ताकि उनीहरूले आफ्नै छलफल समूहमा अरूसँग समान स्तरमा छन् भन्ने महसुस गर्छन्।

सबै तहका सहभागीहरूका लागि सिकाइ र आकर्षक वातावरण सिर्जना गर्नु प्रशिक्षकको जिम्मेवारी हो। प्रायः सहभागीहरू जस्तै महिला, अपाङ्गता भएका व्यक्तिहरू र सीमान्तकृत समूहहरूको प्रतिनिधित्व गर्नेहरूले प्रशिक्षकलाई प्रश्नहरू सोधेर तालिममा सक्रिय रूपमा संलग्न हुन हिचकिचाहट र असहज महसुस गर्छन्। तसर्थ, एक प्रशिक्षकको रूपमा, तपाईंले समूह कार्यको नेतृत्व गर्ने वा समूह कार्य पछि प्रस्तुतीकरण, आदि जस्ता कार्यहरू प्रदान गरेर उनीहरूको सक्रिय संलग्नता सुनिश्चित गर्न पहल गर्नुपर्दछ। एक प्रशिक्षकले वास्तविक घटनाहरू र कथाहरू आदानप्रदान गरेर अन्तरक्रियालाई बढावा दिनुपर्छ। उदाहरणका लागि, "आजको सिकाइको आधारमा तपाई के परिवर्तन गर्न जाँदै हुनुहुन्छ भनेर सोध्नु राम्रो हुन्छ?" आदि।

ड्राफ्ट कपी